आदिवासी जनजाति आयोग
पुल्चोक, ललितपुर

आदिवासी जनजाति ज्ञान सम्मेलन-२०८३
(Indigenous Knowledge Conference -2026)

प्राज्ञिक लेख/रचना आह्वान

आदिवासी जनजाति आयोगले आदिवासी जनजाति समुदायको परम्परागत हक, अधिकार र ज्ञान, सीप सम्बन्धी शोधमूलक कार्यहरूलाई प्रोत्साहन गर्ने, शोधकार्यबाट नीति निर्माणमा सहयोग पुऱ्याउने एवं प्राज्ञिक अनुभवहरू आपसमा आदानप्रदान गर्ने उद्देश्यका साथ हरेक वर्ष यस आयोगले २०७९ मंसिर २८ र २९ गते आदिवासी जनजाति ज्ञान सम्मेलन (Indigenous Knowledge Conference) सम्पन्न गरी सो ज्ञान सम्मेलन (सङ्गोष्ठी) मा प्रस्तुत गरिएका कार्यपत्रहरुलाई विज्ञ समीक्षित प्राज्ञिक लेख/रचनाको रुपमा तयार पारेर Indigenous Nationalities Studies (आदिवासी जनजाति अध्ययन) नामक जर्नल प्रकाशन गर्दै आएको छ । प्रकाशन गरिएका जर्नल Nepal Journals Online (https://www.nepjol.info) मा समेत जोडिएको छ ।

यसै सन्दर्भमा मिति २०८३ मंसिर २८ र २९ गते सम्पन्न हुने पाँचौ आदिवासी जनजाति ज्ञान सम्मेलन तथा Indigenous Nationalities Studies (आदिवासी जनजाति अध्ययन) जर्नल अङ्क ५, पूर्णाङ्क ५, २०८३ का लागि प्राज्ञिक लेख रचना आह्वान गरिएको छ । पाँचौ ज्ञान सम्मेलनको शीर्षक "**आदिवासी जनजातिको परम्परागत भूमि र क्षेत्र (Ancestral land and territory of Indigenous People)**" रहेको छ । आदिवासी जनजाति समुदायको परम्परागत भूमि र क्षेत्र उनीहरुको पहिचान, संस्कृति, इतिहास, भाषा, आध्यात्मिक विश्वास र अस्तित्वको आधार रहेको सन्दर्भमा सम्बन्धित निकाय एवं सरोकारवाला पक्षलाई सैद्धान्तिक र व्यवहारिक रुपमा सहयोग पुऱ्याउने उद्देश्यले अध्ययन अनुसन्धान गरी तयार पारिएका प्राज्ञिक लेख/रचनाहरू मात्र यस ज्ञान सम्मेलन तथा जर्नलमा समावेश गरिनेछ।

प्राज्ञिक लेख/रचना बुझाउने मितिः २०८३ मंसिर २० गतेभित्र ।
छनौटमा परेका लेख/रचनाहरूका लेखकलाई मिति २०८३ मंसिर २३ गतेसम्ममा जानकारी गराइने छ ।

प्रस्तुतिका लागि छनौट भएका कार्यपत्र (Power Point presentations) बुझाउने मितिः २०८३ मंसिर २५ गतेसम्म।

प्राज्ञिक लेख/रचनाको लागि मापदण्ड (Guidelines for articles):-

१.लेख/रचना कम्तीमा ३५०० देखि बढीमा ५००० शब्दको हुनुपर्ने छ ।

१.१. लेख/रचना नेपाली वा अँग्रेजी भाषा मध्ये कुनै एक भाषामा हुनुपर्नेछ ।

१.२. नेपाली भाषामाः युनिकोड कालिमाटी फन्ट साइज ११, लाइन स्पेसिङ— सिङ्गल, सबैतिर मार्जिन २.५४ से.मी. छोडेको हुनुपर्ने छ।

१.३. अँग्रेजी भाषामाः टाइम्स न्यू रोमन फन्ट, फन्ट साइज १२, लाइन स्पेसिङ— सिङ्गल, सबैतिर मार्जिन २.५४ से.मी. छोडेको हुनुपर्ने छ।

२.**लेख/रचनाको संरचनाः** शीर्षक, लेखसार, शब्दकुञ्जी, परिचयखण्ड/विषय प्रवेश, अध्ययन विधि, मुख्य खण्ड/उपखण्ड, निष्कर्ष र सन्दर्भ सामग्रीहरू समेटिएको हुनुपर्ने छ ।

२.१. लेख/रचनाको प्रारम्भमा १५० देखि २०० शब्दसम्मको लेखसार (Abstract) अनिवार्य हुनुपर्नेछ र लेखसारभित्र विषयको सान्दर्भिकता, शोधविधि र निष्कर्षको क्रमबद्ध प्रस्तुति हुनुपर्नेछ ।

२.२. लेखसार (Abstract) को अन्त्यमा अध्ययनमा उल्लेख भएका विशेष ४-६ वटासम्म पारिभाषिक शब्दको शब्दकुन्जी उल्लेख हुनुपर्नेछ ।

२.३. लेख/रचनाको विषयपरिचयमा शीर्षकको परिचय, अध्ययन क्षेत्रको निर्धारण, समस्याकथन र उद्देश्य निर्धारण र पूर्वकार्यको सङ्केत गर्दै लेखको औचित्य पुष्टि गर्नुपर्नेछ ।

२.४. अध्ययन विधिमा सामग्रीको स्रोत, सामग्री सङ्कलन र विश्लेषणको सैद्धान्तिक ढाँचा स्पष्ट पार्नुपर्नेछ ।

२.५. लेख/रचनाको मूल विषयको विश्लेषण गर्दा आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षकमा विवेचना गर्नुपर्नेछ ।

२.६. लेख/रचनाको अन्तमा सम्पूर्ण लेखको १० प्रतिशत निष्कर्ष वा उपसंहार अनिवार्य रूपमा लेख्नुपर्नेछ ।

२.७. लेख/रचनाको शिर्षकको तल लेखकको नाम र संस्थागत आबद्धता भए संघसंस्थाको नाम, सम्पर्क, मोबाइल नं. र ईमेल अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

२.८. लेख/रचनामा प्रयोग गरिने उद्धरण तथा सन्दर्भ सामग्रीहरूको उल्लेख ए.पी.ए (APA 7th Edition) पद्धतिमा हुनुपर्नेछ । सन्दर्भ सामग्रीहरूको उल्लेख गर्दा दोस्रो लाइनमा ०.५ को इन्डेन्ट राखेर वर्णानुक्रमअनुसार उल्लेख हुनुपर्नेछ ।

२.९. लेख/रचनाको पृष्ठको तल्लोभागमा फुटनोट उल्लेख गर्न सकिनेछ । फुटनोटलाई अंकद्वारा क्रमबद्ध जनाउनुपर्नेछ । लेखमा फुटनोट लेख्दा टाइम्स न्यू रोमन फन्ट भए फन्ट साइज ९ र युनिकोड कालिमाटी फन्ट भए फन्ट साइज ८ मा उल्लेख गर्न सकिनेछ ।

३. बौद्धिक चोरी गरी लेखिएको लेख कानुन विपरित हुनेछ । त्यसैले सही तरिकाले उद्धरण, पाराफ्रेजिङ, सन्दर्भ सामग्रीको उल्लेख, फुटनोट, सूचनादाता वा लेखकहरूलाई धन्यवाद ज्ञापन आदि कार्यहरू गरेर बौद्धिक चोरी रोक्नुहुन पनि अनुरोध गरिन्छ । यसका साथै बौद्धिक चोरी गरी लेखिएका लेखमा सम्पादक, पियर रिभ्यु टिम जिम्मेवार नभई लेखक स्वयं हुनुपर्नेछ। कपिराइट भएका सामग्रीहरूको प्रयोग गर्दा सम्बन्धित लेखक, कम्पनी वा संस्थाबाट कपिराइट लिने जिम्मेवारी लेखक स्वयंको हुनेछ ।

४. लेख/रचना अन्यत्र प्रकाशन नभएको र शोधकार्यमा आधारित भाषिक शुद्धता भएको हुनुपर्ने छ।

५. लेख रचनाको इलेक्ट्रोनिक भर्सन Microsoft Word Document मा तल दिइएको इमेल ठेगानामा पठाउनुपर्ने छ ।

इमेल: info@inc.gov.np

सम्पर्क अधिकृत: शाखा अधिकृत श्री दयाकृष्ण ढकाल

फोन नं: ९८४२६२६८१५

६. लेख पठाइसके पश्चात् सम्पादकको सुझाव अनुसार पुनः परिमार्जन गर्नुपर्ने आवश्यक देखिए परिमार्जन गरेर तुरुन्तै आयोगमा पठाउनु पर्नेछ र सम्पादकको सुझाव र निर्देशन विपरितको लेख प्रकाशन हुनेछैन ।

७. ज्ञान सम्मेलन (सङगोष्ठी) मा प्रस्तुतिका लागि छानिएका शोधमूलक लेख/रचना विज्ञसमीक्षित गराई आदिवासी जनजाति आयोगको जर्नल Indigenous Nationalities Studies (आदिवासी जनजाति अध्ययन) अङ्क ५, पूर्णाङ्क ५, २०८३ मा प्रकाशन गरिने छ ।

८. ज्ञान सम्मेलनका लागि छानिएका शोधमूलक लेख/रचना आदिवासी जनजाति आयोगको जर्नल Indigenous Nationalities Studies (आदिवासी जनजाति अध्ययन) मा बाहेक अन्यत्र प्रकाशन गर्न पाइने छैन । अन्यत्र छाप्नुपरेमा आयोगबाट लिखित अनुमति लिनुपर्ने छ ।

९. ज्ञान सम्मेलनका लागि प्राज्ञिक लेख/रचना छनौट गर्ने वा नगर्ने तथा प्रस्तुति गराउने वा नगराउने सर्वाधिकार आदिवासी जनजाति आयोगमा निहित रहने छ ।